
# राष्ट्रीय युवा नीति परिमार्जनका लागी सुझाव प्रतिवेदन



**सुझाव प्रतिवेदनको साराम्श**

राइट हियर राइट नाउ-२ अफ्रिका र एसियाका १० ओटा देशका युवाहरू माझ यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारका पक्षमा रहेको सीमित सम्मान, संरक्षण र पूर्तिलाई सम्बोधन गर्न बनेको संजाल हो। अहिले यो आफ्नो कार्यकालको दोस्रो चरणमा रहेको छ । नेपालमा राइट हियर राइट नाउ-२ ले छ ओटा समान दृष्टिकोण भएका संस्थाहररूको रणनीतिक गठबन्धन गरेको छ । यस गठबन्धनमा युवा, नेत्रहीन युवा संघ नेपाल (BYAN), ब्लु डायमण्ड सोसाइटी, बियन्ड बेइजिङ कमिटी, सीडीएस पार्क र युथ एलायन्स फर डेभलपमेन्ट रहेका छन् । यी संस्थाहरु समग्रमा नेपालमा बृहत् यौनिकता शिक्षाको प्रवर्दनमा संलग्न छन् ।

नेत्रहीन युवा संघ नेपाल, राइट हियर, राइट नाउ -२ को साझेदार संस्था हो। नेत्रहिन युवा संघ नेपाल "सबै किसिमका अपाङ्गता भएका (दृष्टी सम्बन्धी अपाङ्गता भएका सहित) युवाहरूले समावेशी समाजमा सम्मानजनक जीवन व्यतित गर्न पाउन्" भन्ने परिकल्पनाका साथ स्थापना गरिएको संस्था हो। यस संस्था पैरवी, शिक्षा, रोजगारी, प्रकोप जोखिम न्यूनीकरण, राजनीतिक सहभागिता र अपाङ्गता भएका व्यक्तिहरू विशेष गरी अपाङ्गता भएका युवाहरूको अधिकार को प्रवर्द्धनमा सक्रिय रूपमा संलग्न छ । यस सन्दर्भमा संस्थाले युवाहरूको यौन तथा प्रजनन् स्वास्थ्यलाई विशेष महत्व दिने गरेको छ ।

युवाहरू देश र समाजका उर्जाशील जनशक्ति हुन् । तिनको क्रियाशीलतामा देश र समाजको उन्नति र प्रगति निर्भर हुन्छ । त्यसैले देशले युवाहरूको अधिकतम परिचालन गर्नु आवश्यक हुन्छ । यस कुरालाई ख्याल गरेर हाम्रो देश नेपालमा पनि युवालाई क्रियाशील र उत्पादनशील बनाउने उद्देश्यकासाथ युवा सम्बन्धी विभिन्न नीति तय गरिएका छन् । तर ती नीतिमा केही कमी कमजोरी देखिन्छन् । भएका नीतिको कार्यान्वयन पक्ष फितलो रहेको छ । ती नीतिमा अपाङ्गता भएका र सिमान्तकृत युवाका समस्या र आवश्यकताको उचित सम्वोधन भएको पनि देखिदैन । यसमा मूलतः अपाङ्गता भएका र सिमान्तकृत युवाको यौनिकताको अधिकारलाई उचित तरिकाले समावेश गरिएको देखिदैन। यस सन्दर्भमा नेपालमा भएका युवा नीतिलाई परिमार्जन गरी विद्यमान राष्ट्रिय युवा नीतिलाई समावेशी चरित्रको विस्तृत बनाउन आवश्यक छ ।

उल्लेखित कुरालाई ख्याल गर्दै राष्ट्रिय युवा परिषद्को सहकार्यमा राइट हियर राइट नाउ-२ ले राष्ट्रिय युवा नीतिमा समावेश हुनुपर्ने अपाङ्गता भएका र सिमान्तकृत युवाको यौनिकताको अधिकार सहितको सुझावहरू तयार गरेको छ । यी सुझावहरू विद्यमान विभिन्न युवा नीतिको पुनरावलोकन र सात प्रदेशमा अपाङ्गता भएका र सिमान्तकृत युवाहरूको अन्तरक्रिया आयोजना गरी त्यहाँ आएका सुझावहरूलाई समावेश गरी तयार गरिएको हो ।

यस प्रतिवेदनमा समेटिएका सुझावहरूमा देशमा उपलव्ध शिक्षा र स्वास्थ्य सेवा गुणस्तरीय बनाउन त्यहीअनुसारका विधि, प्रक्रिया अप्नाउनु पर्ने, त्यहीअनुसारको साधन र स्रोतको सुनिश्चितता हुनुपर्ने, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा अपाङ्गता भएका र सिमान्तकृत युवाको पहुँच सुनिश्चित हुनुपर्ने भनिएको छ । त्यसैगरी यौनिक अधिकारका विषयमा वृहत यौनिकता शिक्षाको प्रभावकारी कार्यान्वयन, यस विषयमा सामाजिक सचेतना बढाउने नीति तथा कार्यक्रम अङ्गिकार गरिनुपर्दछ भनिएको छ।

## १. पृष्ठभूमि

राजनीतिक, आर्थिक तथा सामाजिक परिवर्तनको लागि युवाको भूमिका महत्वपूर्ण हुने गर्दछ । आफ्नो ऊर्जा, सिर्जनशीलता र समाजका विभिन्न पक्षहरूमा सकारात्मक परिवर्तन ल्याउन सक्ने क्षमताका कारण कुनै पनि देश विकासका लागि युवा जनशक्तिको आवश्यकता हुन्छ। यही कारणले युवाहरुलाई देशको अमूल्य सम्पत्ति तथा राष्ट्र निमार्णको मेरूदण्ड भनिने गरिन्छ । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहका नागरिकलाई युवा मानिन्छ। यो जनसंख्या कुल जन्सङ्ख्याको ४२.७५% हो। यसलाई हेर्दा नेपालको इतिहासमा युवा वर्गले जनसंख्याको सबैभन्दा ठूलो खण्ड ओगटेको देखिन्छ । यसले देशको लागि सुनौलो अवसर सिर्जना गरेको छ । शिक्षित, दक्ष र सशक्त भएमा, यी युवाहरूबाट देशले ठूलो लाभ लिन सक्छ । तिनले देशको आर्थिक वृद्धि र विकासमा योगदान पुऱ्याउँन सक्छन्।

कुनै पनि मुलुकमा अपेक्षित विकास र निर्माण गर्न युवाहरूको गुणात्मक र मात्रात्मक विकास आवश्यक हुन्छ । यद्यपि नेपालमा युवाहरुले विभिन्न चुनौतिहरुको सामना गर्नु पर्ने अवस्था छ, जस्तै : सान्दर्भिक शिक्षा र रोजगारीका अवसरहरूमा असमान पहुँच, व्यवसायिक सीप र प्रविधिमा सीमित पहुँच, उच्च बेरोजगारी दर, युवा पलायन, राजनीतिक अस्थिरता, स्वास्थ्य र मानसिक स्वास्थ्यको अपर्याप्तता साथै जातिय, लैङ्गिक तथा क्षेत्रीय विभेद आदि।

सर्वाङ्गीण विकासको लागि युवामा स्वास्थ्य र शिक्षाको पहुँच हुन जरुरी छ र यसका लागि यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार को भूमिका महत्वपूर्ण मानिन्छ । विश्व स्वास्थ्य संगठनको परिभाषा अनुसार यौन तथा प्रजनन् स्वास्थ्य भन्नाले- "यौन तथा प्रजनन् प्रणालीको रोग तथा दुर्बलताबाट मुक्त हुनु मात्र नभई यसका कार्य र प्रक्रियाहरूमा समेत शारीरिक, मानसिक तथा सामाजिक तवरले पूर्णरुपमा स्वस्थ हुनु हो।" यसभित्र आमा र नवजात शिशुको स्वास्थ्य सेवा, परिवार नियोजन, एचआईभी/एड्स साथ साथै अन्य यौनजन्य संक्रमणहरूको रोकथाम र उपचार, बृहत् यौनिकता शिक्षा, सुरक्षित गर्भपतन, लैङ्गिक हिंसा रोकथाम ,बाँझोपन र पाठेघरको क्यान्सरको पहिचान र उपचार जस्ता सेवाहरु पर्दछन् । यौन तथा प्रजनन् अधिकारहरु अन्तर्गत विवाह गर्ने/नगर्ने, परिवार बसाउने/नबसाउने, बच्चा जन्माउने/नजन्माउने, कहिले जन्माउने, कति जन्माउने भन्ने विषयमा निर्णय लिने अधिकार , सम्मानजनक तरिकाले सेवाहरु उपयोग गर्न पाउने अधिकार तथा यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी विषयहरुमा दुर्व्यवहार बाट मुक्त हुन पाउने अधिकारहरु पर्दछन् । बृहत् यौनिकता शिक्षाको माध्यमबाट युवाहरूलाई शिक्षित गर्नु यौन तथा प्रजनन् स्वास्थ्य र अधिकारको एक महत्त्वपूर्ण पाटो हो। यस शिक्षाले युवावर्गलाई मानव विकास, शरीर रचना, माया,

प्रेम र सम्बन्ध, लैङ्गिकता, हिंसा, यौनिक व्यवहार तथा यौन अभिमुखिकरण, प्रजनन् स्वास्थ्य, गर्भनिरोधन, र एचआईभी लगायत अन्य यौनजन्य संक्रमणहरुको विभिन्न पक्षहरूको बारेमा शिक्षित र सशक्त बनाउँछ। बृहत् यौनिकता शिक्षाले युवाहरूलाई सूचना तथा सञ्चार क्षमता, विश्लेषणात्मक चिन्तन साथै वार्तालाप गर्न सक्ने क्षमताको विकास गर्छ । जसले अन्ततः समग्र शैक्षिक प्रगतिमा सहयोग गर्छ र युवाहरुलाई आफ्नो हक अधिकारको लागि पैरवी गर्न सशक्त बनाउँछ ।

नेपालमा यौन तथा प्रजनन् स्वास्थ्यको क्षेत्रमा युवाहरुले धेरै चुनौतीहरूको सामना गर्दै आएका छन् । बच्चा जन्माउन नचाहाँदा अथवा ढिलो जन्माउन चाहँदा पनि परिवार नियोजनका साधनहरु प्रयोग गर्न नसकेका विवाहित महिलाहरु को अनुपात २१% छ । यो प्रतिशत १५-१९ वर्ष उमेर समूहमा सबै भन्दा बढि ३०.९% रहेको छ र २०-२४ उमेर समूहमा यो अनुपात २९.१% रहेको छ । एचआइभी रोकथाम सम्बन्धीको ज्ञान युवा महिलामा १६% र पुरुषमा २७% रहेको पाइएको छ । नेपालमा महिलाको पुरुष भन्दा अगाडि विवाह हुने गर्दछ । पहिलो विवाहको औसत उमेर महिलाहरूमा १८.३ वर्ष र पुरुषहरूमा २१ वर्ष रहेको छ । नेपाल दक्षिण एसियामा तेस्रो उच्च बालविवाह दर भएको देश हो । यहाँ ३७% नेपाली महिलाको १८ वर्षको उमेरमा विवाह भइसकेको हुन्छ भने १०% ले १५ वर्षअघि नै विवाह गरेका हुन्छन् । नेपालमा १५ देखि ४९ वर्षका २३% महिलाहरु १५ वर्षको उमेरदेखि शारीरिक हिंसाको शिकार भएका हुन्छन् [९]।

साईबर क्राइम ब्यूरो को रेकर्ड अनुसार, नेपालमा २०२१ सालमा तीन हजार भन्दा बढी अनलाईन दुर्व्यवहार सम्बन्धि मुद्दा दर्ता भएको थिए । महिनावारी स्वस्थ्य सम्बन्धि शिक्षा को कमी, कमजोर बृहत् यौनिकता शिक्षा, विद्यालयमा उचित पानी,सरसफाइ र स्वच्छता सुविधाको अभाव, किशोरीहरुको प्रजनन् स्वास्थ्य र अधिकारको चुनौतिको रुपमा पाइएको छ। बृहत् यौनिकता शिक्षाको केही पक्ष विद्यालय शिक्षामा समाबेश भएपनि यसको प्रभाकरितामा शिक्षकहरुको प्रमुख भूमिका हुनेगर्दछ । पुरानो तरिकाले अध्यापन गराउने, विना योजना पढाउने र व्यवहारिक तरिकाले पढाउन भौतिक संरचनापनि विद्यालयमा नहुनाले समग्रमा शैक्षिक गुणस्तर कमजोर रहेको छ ।

समाजमा युवाको यौन तथा प्रजनन् स्वास्थ्यलाई लान्छना पूर्ण दृस्टीले हेर्ने गरिन्छ। एक अनुसन्धानका अनुसार विद्यालयका शिक्षक र स्वास्थ्य सेवा प्रदायकहरू पनि यस विषयलाई खुला रुपमा छलफल गर्न सक्दैनन् । पिछडिएका समूहरुमा यी समस्याहरु अझ जटिल छन् । लैङ्गिक तथा यौनिक अल्पसंख्यक युवाहरुले जीवनको हरेक पाटोमा लान्छना र चुनौतिहरुको सामना गर्नुपर्दछ । लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायमा गरिएको एक अनुसन्धानका अनुसार ६० प्रतिशतले दुर्व्यवहार वा भेदभावको कम्तिमा एउटा घटनाको अनुभव गरेको बताएका थिए र एक तिहाइ भन्दा बढीले तीन वा बढी सार्वजनिक ठाउँहरुमा भेदभाव वा दुर्व्यवहार को अनुभव गरेको बताएका थिए । त्यही अनुसन्धानका अनुसार स्वस्थ्य संस्थाहरुमा गरिने भेदभाव मध्ये सेवा प्रदायकद्वारा सेवा अस्वीकार गर्ने गरिएको भेदभाव सबैभन्दा बढी भएको पाइएको थियो [१५]।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक युवाहरु अन्य समूह भन्दा छिटो प्रारम्भिक यौन सम्पर्क राख्ने, असुरक्षित यौन सम्पर्कमा संलग्न हुने गरेको पाइन्छ । जसले गर्दा यो जनसंख्या मा विभिन्न यौन संक्रमणहरुको दर बढि हुने पाइएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूमा यौनिकता सम्बन्धि विषयमा कम जानकारी भएको, सेवाहरू पहुँच योग्य नभएको, समाज र सेवाप्रदायकबाट पनि लान्छना युक्त दृष्टिकोणले हेरिने भएकाले यी समूहहरुमा यौन तथा प्रजनन् स्वास्थ्यको पहुँच निकै कठिन रहन गएको पाइएको छ । यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा सम्बन्धी सामाग्रीहरू पनि पहुँचयुक्त ढाँचा र भाषामा जस्तै ब्रेल, साङ्केतिक भाषा, ठूलो छापा, सरल भाषा र चित्रसहित उपलब्ध हुदैनन् । यसले गर्दा तिनमा स्वस्थ्य शिक्षा र सूचनामा पहुँच कम भएको पाइन्छ ।

## २. राष्ट्रिय युवा नीति र संशोधनको आवश्यकता

नेपालमा देश निर्माणमा युवाहरुको भूमिका पहिचान गरेर विभिन्न संयन्त्र र नीतिनियमहरू बनेका छन् । नेपालको संविधान २०७२ , राष्ट्रिय युवा नीति २०७२, राष्ट्रिय युवा परिषद् ऐन २०७२, पन्ध्रौ योजना (आब: २०७६/७७-२०८०/२०८१) , युथभिजन-२०२५ तथा दशवर्षे रणनीतिक योजनामा युवाका मुद्दाहरू समावेश छन्।

यौन तथा प्रजनन् स्वास्थ्यको दृष्टिबाट हेर्दा यी नीतिमा स्वास्थ्य शिक्षा लाई प्रारम्भिक तहबाट समाबेश गर्ने, यौन स्वास्थ्य शिक्षामा पहुँच, यौन हिंसा बाट मुक्ति, सुरक्षित र सकरात्मक यौन व्यवहार अपनाउन प्रोत्साहन, एचआईभी/एड्स रोकथाम, मातृत्व तथा प्रजनन् अधिकार , परिवार नियोजन जस्ता अत्यन्त महत्वपूर्ण विषयहरु उल्लेख गरिएको छ। यद्यपि, यी नीतिको कार्यान्वयन हुँदै गर्दा कोभिड-१९ महामारी पछि युवाहरूको जीवनका विभिन्न पक्षहरूमा महत्त्वपूर्ण परिवर्तनहरू भएका छन् । यसले शिक्षा,रोजगारी,मानसिक स्वास्थ्य र सामाजिक अवस्थामा गहिरो प्रभाव पारेको छ । यसबाहेक, नेपाली युवाहरूले बेरोजगारी, गुणस्तरीय शिक्षामा सिमित पहुँच, अपर्याप्त सीप विकासका अवसरहरू, लैङ्गिक असमानता र सीमित राजनीतिक सहभागिता जस्ता चुनौतीहरू सामना गर्दै आएका छन् ।

नीतिहरूमा यौन तथा प्रजनन् स्वास्थ्यका केही विषयहरु समेटिएका भएतापनि बृहत् यौनिकता शिक्षाको दृष्टिकोणले हेर्दा यस नितीले किशोरकिशोरी तथा युवाहरूको कतिपय आधारभूत पक्षहरूलाई समेट्न सकेको देखिन्न। खासगरी बदलिँदो परिवेशमा किशोरकिशोरीहरूले सामना गरिरहेका समस्याहरू जस्तै अनलाईन दूर्व्यवहार, किशोरकिशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्य सेवा, शिक्षा र सूचना, अपाङ्गता तथा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्य समुदायका किशोरकिशोरीहरूको पहिचान र सशक्तिकरण, लैङ्गिक न्यायपूर्ण दृष्टिकोण जस्ता पक्षहरू यस नीतिमा स्पष्टसँग खुल्न सकेको छैन। त्यस्तै मुलुक सङ्घीय संरचनामा गइसकेको अवस्थामा तीन तहको सरकारको

युवाप्रतिको दृष्टिकोण, भूमिका र युवा नेतृत्व तथा परिचालनको नीति के कस्तो हुने भन्ने पक्ष पनि यस नीतिमा समेटिन सकेको छैन । यसको साथै युवाका विषय र सवालसँग प्रत्यक्ष सरोकार राख्ने  विभिन्न नीति तथा ऐनसँग यस नीतिको तादात्म्यता मिलाउनुपर्ने टड्कारो आवश्यकता रहेको छ।

यसै सन्दर्भमा यस नीतिलाई बृहत् यौनिकता शिक्षाको दृष्टिकोणले अझ उदार तथा युवामुखी बनाउन र दिगो विकास लक्ष्यको कसैलाई पछि नछोडौं भन्ने उदेश्य प्राप्त गर्न राइट हियर, राइट नाउ सञ्जालको नेतृत्वमा राष्ट्रीय युवा परिषद्सँगको सहकार्यमा यो प्रतिवेदन तयार पारिएको हो । यस प्रतिवेदनले युवाहरूको आवाजलाई प्रतिध्वनित गर्दै संशोधन हुने राष्ट्रिय युवा नीति युवाहरुको सवालहरूप्रति उत्तरदायी, समावेशी र युवाको आवश्यकता अनुरुप होस् भन्ने वकालत गर्दछ।

प्रतिवेदनमा नेपालका सातै प्रदेशका युवाहरु संग आयोजना गरिएका छलफलबाट आएका सुझावहरू समेटिएको छ । यी छलफलमा नेपाली युवाहरूलाई युवा-सम्बन्धी मुद्दाहरूमा आफ्ना विचार र आकांक्षाहरू व्यक्त गर्न मञ्च उपलब्ध गराइएको थियो। सातै प्रदेशका युवाको सहभागिता रहेको छलफलमा समावेशिता, विविधता र प्रतिनिधित्व सुनिश्चित गर्न सीमान्तकृत र न्यून प्रतिनिधित्व भएका समुदायहरू संलग्न गरिएको थियो । साथै यो प्रतिवेदन तयार गर्नका लागि सान्दर्भिक अनुसन्धानका लेखहरु, नीतिगत दस्तावेजहरुको विशेष अध्ययन गरेर त्याहाँबाट आएका महत्वपूर्ण विषयहरुलाई समाबेश गरिएको छ ।

सबै छलफलहरुमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा अपाङ्गता भएका युवाहरूको शिक्षा, स्वास्थ्य सेवा, र  रोजगारीका अवसरहरूमा समान पहुँच सुनिश्चित गरियोस् भन्ने आवाज उठेको थियो । नेपालमा युवाको हकमा प्रगतिशील नीति तथा नियमहरु भएतापनि यसको कार्यन्वयन फितलो हुनु एक चुनौतिका रुपमा पाइन्छ । अब बन्ने नीतिगत दस्तावेजहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्ने आवाज सबै छलफलमा उठेका थिए । यसका निम्ति आवश्यक आर्थिक श्रोत छुट्याए मात्र तर्जूमा गरिएका लक्ष्यहरु प्राप्त गर्न सकिन्छ । त्यसैले युवा विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहहरुको बिचमा प्रभावशाली समन्वय र समाजका सबै अङ्गहरू साझेदारी गरेर अगाडि बढे मात्र तयार पारिएका निम्न सुझावहरू फलदायी हिसाबले कार्यन्वयन हुन सक्छन् । आएका सुझावहरुलाई सामान्य र यौन तथा प्रजनन अधिकार केन्द्रित गरी दुई खण्डमा विभाजन गरिएको छ ।

## ३. सामान्य सुझावहरु

### शिक्षा

- गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा विद्यालय तह देखि लागू गराउने कुरालाई बाध्यकारी बनाउने खालको नीतिगत् व्यवस्था हुनुपर्दछ।
- अनौपचारिक शिक्षा, सीप तालिम आदिमा समयानुकूल परिष्कृत गराउँदै दक्ष र प्राविधिक जनशक्ति उत्पादन र वितरण गर्ने किसिमको नीतिगत् व्यवस्था सुनिश्चितता गराइनु पर्दछ।
- पूर्व-प्राथमिक तहदेखि नै शिक्षण सिकाई प्रभावकारी बनाउनको लागी No tech, Low Tech र High-tech प्रविधिलाई अङ्गिकार गर्ने र सिकाईको विश्वव्यापी ढाँचा (Universal Design for Learning) लाई अनुशरण गर्ने किसिमको नीतिगत् व्यवस्था समेटिनु पर्दछ।
- विद्यालय शिक्षालाई जीवनोपयोगी सिपमा आधारित हुने किसिमको व्यवस्था सुनिश्चत गराइनु पर्दछ। शैक्षिक जनशक्तिको क्षमता विकासलाई प्राथमिकता दिने र शैक्षिक संस्थाहरुमा स्रोत, साधन र जनशक्तिको सुनिश्चिता हुनुपर्दछ।

### स्वास्थ्य

- स्वास्थ्यसेवाको गुणस्तर वृद्धि गरिनुपर्दछ । स्वस्थ्य सेवा केन्द्रहरू सबैको पहुँचमा र पूर्वाधारहरू पहुँचयुक्त हुन आवश्यक छ ।
- मानसिक स्वास्थ्यसेवा प्रदान गर्न शैक्षिक संस्थाहरूमा परामर्श केन्द्रहरू स्थापना गरिनुपर्दछ।
- मानसिक स्वास्थ्य समस्या सम्बन्धी सचेतनाका कार्यक्रमहरू संचालन गर्नुपर्दछ।

### रोजगारी

- युवा उद्यमशीलतालाई स्थानिय तह सम्म लैजाने नीतिगत व्यवस्था हुनुपर्दछ ।
- सीप विकास तालिम पश्चात कामको सुनिश्चिततामा पनि जोड दिनुपर्दछ ।
- अपाङ्गता भएका युवाहरूलाई आफ्नै व्यवसाय सुरु गर्न सबैगत तहबाट प्रोत्साहित गरिनुपर्दछ ।
- वैदेशिक रोजगारीबाट फर्केका युवालाई विदेशमा सिकेको ज्ञान र सीपको आधारमा राज्यबाट आर्थिक सहायता प्रदान गरी स्वदेशमानै रोजगारीको अवसर सिर्जना गरिनुपर्दछ ।
- संघ, प्रदेश र स्थानीय तहको बजेटमा युवा लगानी सुनिश्चित हुनुपर्दछ ।
- वैदेशिक रोजगारीबाट ठगिएका वा शोषणमा परेका युवाका लागि सरकारबाट निशुल्क कानुनी उपचार तथा परामर्शको व्यवस्था हुनुपर्दछ।

### नेतृत्व विकास तथा सशक्तिकरण

- राष्ट्रिय युवा परिषद्ले अन्तर्राष्ट्रिय स्तरमा हुने कार्यक्रममा सहभागी हुने र प्रतिनिधित्व गर्ने युवा खुला प्रतिस्पर्धाबाट छनोट गर्नुपर्दछ ।
- नेतृत्व विकास कार्यक्रमका लागि राष्ट्रिय युवा परिषद्लाई सहज बनाउन संघीय र प्रादेशिक संसद र मन्त्रालयहरूसँग इन्टर्नशिपको व्यवस्था गरिनुपर्दछ ।
- विज्ञान तथा प्रविधिको पहुँच अन्य समूह भन्दा युवा वर्गमा बढी पाइन्छ । यसको सही तथा सुरक्षित उपयोग गर्ने क्षमता विकास गरिनुपर्दछ ।
- युवाको विविधता लाई स्वीकार गरेर अपाङ्गता भएका , लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूहका युवाहरुलाई नेतृत्व विकास सम्बन्धि अवसरहरु प्रदान गरिनु पर्दछ ।
- समग्र युवावर्ग लाई नीति निर्माणका प्रक्रियाहरूमा अर्थपूर्ण संलग्नताको सुनिश्चिता गरिनुपर्दछ । यसका लागि यस नीतिले सहयोगी वातावरण सिर्जना गर्नुपर्दछ ।
- युवा सशक्तिकरणका लागि उपयुक्त खोज र अनुसन्धानका कार्यक्रमहरु संचालन गरिनुपर्दछ। साथै नियोजित कार्यक्रमहरूमा विभिन्न सूचकहरूको स्थापना र ती सूचकहरूको नियमित मापन गरेर भविष्यका योजना र कार्यक्रमहरू तथ्यांक र प्रमाणमा आधारित हुनुपर्दछ

### खेलकुद

- खेलाडीहरुलाई आकर्षक पारिश्रमिक, प्रोत्सहानका कार्यक्रमहरू सञ्चालन गरेर उनीहरूलाई उत्प्रेरित गरिनुपर्दछ।
- इ-स्पोर्टसलाई पनि सूचीकृत र राष्ट्रिय स्तरको खेलमा समावेश गरिनुपर्दछ ।
- अपाङ्गता भएका युवाहरूलाई पनि खेलकुदका गतविधिहरूमा प्रोत्साहन गर्नको लागि खेल प्रशिक्षण, नियमित प्रतिस्पर्धा र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सङ्लग्न गराउने किसिमको नीतिगत् व्यवस्था अङ्गिकार गर्नु पर्दछ।
- युवाहरूलाई खेलमा पनि आफ्नो  भविष्य छ भनेर आत्मविश्वास दिलाउने किसिमले खेलकुद पुर्वाधार विकासमा जोड दिने, विद्यालयहरूमा खेल शिक्षकहरू र आवश्यक सामाग्रीको प्रवर्धन् हुने र खेलकुदलाई व्यवसायिक सिपसँग जोड्ने किसिमको नीतिगत् प्रबन्ध गरिनु पर्दछ।

## ४. यौन तथा प्रजनन् स्वस्थ्य र अधिकार केन्द्रित सुझावहरू

### बृहत् यौनिकता शिक्षा

- युवाहरुको सर्वाङ्गीण विकासका लागि बृहत् यौनिकता शिक्षामा जोड दिन आवश्यक छ । बृहत्  यौनिकता शिक्षा विद्यालय पढ्ने तथा विद्यालय बाहिर रहेका दुवै युवाहरु प्रति

लक्षित हुनुपर्छ । युनेस्को यौनिकता शिक्षाका लागि अन्तराष्ट्रिय प्राविधिक मार्गनिर्देशनको निर्देशिका (ITGSE) अनुसार नेपालको शिक्षा पाठ्यक्रम परिमार्जन हुनुपर्दछ ।

- युवाई शिक्षामा पहुँच मात्र नभएर गुणस्तरीय शिक्षाको सुनिश्चितता हुनपर्दछ । बृहत् यौनिकता शिक्षा नयाँ तथा उपयुक्त प्रविधिहरूबाट अध्यापन गराउनुपर्ने आजको आवश्यकता हो ।
- शैक्षिक सामग्री अपाङ्गता मैत्री हुन जरुरी छ र अपाङ्गता भएका युवाहरूलाई अध्यापन गराउन सक्ने शैक्षिक जनशक्ति को पनि विकास गरिनुपर्दछ ।
- समग्र नीतिगत् व्यवस्था र प्रावधानहरू लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशिकरणको दृष्टिकोणले सकारात्मक हुने खालको अवस्था सुनिश्चितता गराइनु पर्दछ।
- गुणस्तरीय बृहत् यौनिकता शिक्षा प्रदान गर्नको लागि शिक्षकहरू तथा साथी शिक्षकहरूको क्षमता विकास गराउने किसिमको नीतिगत् व्यवस्था सुनिश्चितता गराइनु पर्दछ।
- विद्यालयमा तथा समुदायमा किशोरकिशोरीमैत्री सुचना केन्द्र स्थापना तथा प्रवर्धन गर्दै लैजाने किसिमको नितिगत् व्यवस्था गरिनु पर्दछ। साथै विद्यालयभित्र तथा बाहिर रहेका किशोरकिशोरीहरूलाई बृहत् यौनिकता शिक्षा, सुचना र सेवामा पहुँच कायम गर्नको लगि किशोरकिशोरी तथा युवाहरूलाई साथी शिक्षकको रूपमा परिचालन गर्ने नीति अङ्गिकार गरिने व्यवस्था सुनिश्चित गरिनु पर्दछ।
- विद्यालय र कार्यस्थल दुवै हिंसारहित र लैङ्गिकमैत्रि हुनु पर्दछ । यी संस्थाहरुमा लैङ्गिक्ताको आधारमा हुने हिंसा सम्बन्धि सचेतनाका कार्यक्रमहरु र आन्तरिक र बाह्य रूपमा हिंसा र भेदभावका मुद्दाहरूलाई सम्बोधन गर्न उचित संयन्त्रको व्यवस्था गरिनुपर्दछ ।
- राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य तथा विकास रणनीति २०७५ को प्रभावकारी कार्यान्वयन र दिगो विकास लक्ष्यको प्राप्तिको लागि थप नीतिगत व्यवस्था गरिनुपर्दछ ।
- पहुँचयुक्त सूचनाका लागि आवश्यक शैक्षिक सामाग्रीको विकास, प्रकाशन र वितरण सम्बन्धी नीतिगत् व्यवस्था गरिनुपर्दछ ।
- विद्यालय नर्स कार्यक्रमलाई थप बृहत बनाउदै लग्नुपर्दछ र सेवाप्रदायकलाई चेतना अभिवृद्धि, व्यवहार परिवर्तन, स्वास्थ्य सेवा प्रदान र सामुदायिक संलग्नतामा जोड्नुपर्दछ।
- हाल लागू भएको स्यानिटरि प्याड कार्यक्रम अन्तर्गत गुणस्तरिय प्याड वितरणमा जोड र र समग्रमा वातावरण मैत्री महिनावारी व्यवस्थापन मा जोड दिनुपर्दछ ।
- सरकारी तथा गैरसरकारी तवरबाट भएगरेका असल अभ्यासहरूको अनुशरण गर्ने नीतिगत् व्यवस्था गरिनुपर्दछ ।

## यौन तथा प्रजनन् स्वास्थ्यसेवा र अधिकार

- औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत युवालाई स्वास्थ्य वीमामा समाबेश गर्न आवश्यक योजनाहरू तर्जुमा गरिनुपर्दछ र यसको सचेतना बढाएर यौन तथा प्रजनन् स्वास्थयमा हुने नागरिकको निजी खर्च घटाउनुपर्दछ ।
- लान्छनामुक्त यौन तथा प्रजनन् स्वास्थ्य सेवालाई अधिकारको रुपमा स्थापना गरिनुपर्दछ र यसका लागि सेवाप्रदायकलाई उपयुक्त तालिम र समाजमा जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनुपर्दछ ।
- स्वास्थ्य सम्बन्धी सूचना प्रवाह गर्न सामाजिक संजाल, टोल फ्री नम्बर जस्ता प्रविधिहरुको प्रयोग गरिनुपर्दछ।
- अहिले उपलब्ध नि:शुल्क स्वास्थ्य सेवाहरुको सचेतना बढाएर यसको उपभोग बढाउनुपर्दछ।
- समाजका कुरीतिले युवा विकासका लागि वाधा अड्चन सिर्जना गरेका हुन्छन् । बालविवाह, जबर्जस्ती विवाह तथा छौपडी र अन्य यस्ता कुप्रथाहरुको रोकथाम गर्न बनेका कानुनहरुलाई प्रभाकारी ढंगले लागू गरिनुपर्दछ र समाजमा यी कुरीतिहरू परिवर्तनको लागी युवाहरूको परिचालन गरिनुपर्दछ ।
- यौनजन्य तथा अन्य हिंसा (अनलाइन र अफलाइन) बाट युवाहरूलाई सुरक्षा प्रधान गरेर उनीहरुको समग्र विकासमा जोड दिनुपर्दछ । यसको लागि तीनै तहको सरकारले आवश्यक नीति तथा कर्यक्रमको तर्जुमा गरिनुपर्दछ ।

## ५.सन्दर्भ सामग्री

१. Ministry of Youth and Sports, Government of Nepal. National Youth Policy (2072).
२. Government of Nepal, National Statistics Office (2021). National Population and Housing Census 2021 National Report, Kathmandu, Nepal.
३. United Nations Population Fund . For young people, by young people Nepal (2023).Available at https://nepal.unfpa.org/en/news/young-people-young-people.
४. Ministry of Youth and Sports,Government of Nepal. Youth Vision – 2025 And Ten-Year Strategic Plan (2015). Available from: https://moys.gov.np/sites/default/files/nitiheru/Youth%20Vision-2025_2.pdf
५. World Health Organization. Defining sexual health [Internet]. Available from: https://www.who.int/teams/sexual-and-reproductive-health-and-research/key-areas-of-work/sexual-health/defining-sexual-health
६. World Health Organization. Reproductive health [Internet]. Available from: https://www.who.int/southeastasia/health-topics/reproductive-health
७. United Nations Population Fund (2004). Programme of Action adopted at the International Conference on Population and Development. Available from: https://www.unfpa.org/sites/default/files/event-pdf/PoA_en.pdf
८. United Nations Population Fund. Comprehensive sexuality education. Available at: https://www.unfpa.org/comprehensive-sexuality-education.
९. Ministry of Health and Population [Nepal], New ERA, and ICF (2023). Nepal Demographic and Health Survey 2022. Kathmandu, Nepal: Ministry of Health and Population [Nepal].
१०. Ending child, early and forced marriage in Nepal (2023) Plan International Nepal. Available from: https://plan-international.org/nepal/what-we-do/ending-child-early-forced-marriage-nepal/ (Accessed: 22 August 2023).
११. Addressing gender violence in Cyberspace [Internet]. [cited 2023 Sept 27]. Available from: https://www.recordnepal.com/addressing-gender-violence-in-the-cyberspace
१२. Sharma, A., McCall-Hosenfeld, J.S. & Cuffee, Y. Systematic review of menstrual health and hygiene in Nepal employing a social ecological model. *Reprod Health* **19**, 154 (2022). https://doi.org/10.1186/s12978-022-01456-0
१३. Uprety S, Humagain B, Singh S, Shrestha S. Yuwa. Comprehensive Sexuality Education (CSE) Integration of CSE in Education Curriculum of Nepal- A review report (2020).
१४. Upreti YR, Acharya D. Premarital Sexual Behaviours among Secondary School Adolescents: A Cross-sectional Study in Kathmandu. Journal of Health Promotion. 2020 Nov 22;8:39-52.
१५. UNDP, Williams Institute (2014). Surveying Nepal's Sexual and Gender Minorities: An Inclusive Approach - Executive Summary. Bangkok, UNDP.
१६. Benson PA, Hergen roeder AC. Bacterial sexually transmitted infections in gay, lesbian, and bisexual adolescents: medical and public health perspectives. InSeminars in pediatric infectious diseases. 2005 Jul 1 (Vol. 16, No. 3, pp. 181-191). WB Saunders.
१७. Shiwakoti R, Gurung YB, Poudel RC, Neupane S, Thapa RK, Deuja S, Pathak RS. Factors affecting utilization of sexual and reproductive health services among women with disabilities-a mixed-method cross-sectional study from Ilam district, Nepal. BMC Health Services Research. 2021 Dec;21(1):1-9.
१८. Bhandari P. Blind Youth Association Nepal (BYAN). A Position Paper on Comprehensive Sexuality Education for Youth and Adolescents with Disabilities in Nepal. 2023

**लेखक:**

सबिना पोखरेल

**समीक्षक:**

निर श्रेष्ठ,  कलाधर भन्डारी, रामचन्द्र गैरे, विश्व राम श्रेष्ठ

थप जानकारीका लागि सम्पर्क:

**नेत्रहिन युवा संघ नेपाल**

https://www.byanepal.org/

**सुकेधारा, काठमाडौं, नेपाल**

info@byanepal.org, byanepal@gmail.com